**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार (फैसला मिति | उल्लिखित आधार लिई विशेष अदालत काठमाण्डौबाट भएको फैसला देहायका आधार, कारणहरुबाट बदर भागी छ. |
|---|---|---|---|---|---|
| १ | नरदेव रोकाया, हृदयनारायण साह, जनक बुढा, जयबहादुर ठकुल्ला, उषाकुमारी सिंह, देवराज रावत, नारायणी ठकुल्ला, रुपा रोकाया, अशोक रोकाया, पृथि ठकुल्ला, दत्तबहादुर बुढा, कविता बुढा (ठकुल्ला), दुर्गादिवी लामा, धनबहादुर कामी र दर्शन एण्ड दिग्दर्शन सप्लायर्स **मुद्दा (०८१-** | सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको। | **क.** प्रतिवादीहरू अन्नपूर्ण माध्यामिक विद्यालय सर्मी डोल्पाका तत्कालीन सहायक शिक्षक हृदयनारायण साह, जयबहादुर ठकुल्ला र देवराज रावतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.२९,६०,६९२।५५ (उनान्तीस लाख साठी हजार छ सय बयानब्बे रुपैयाँ पचपन्न पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय गरि साथै सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी पुऱ्याएको बिगो | **अदालतको फैसलाः**<br>प्रतिवादीहरु नरदेव रोकाया, हृदयनारायण साह, जनक बुढा, जयबहादुर ठकुल्ला, उषाकुमारी सिंह, देवराज रावत, नारायणी ठकुल्ला, रुपा रोकाया, अशोक रोकाया, पृथि ठकुल्ला, दत्तबहादुर बुढा, कविता बुढा (ठकुल्ला), दुर्गादिवी लामा, धनबहादुर कामी र दर्शन एण्ड दिग्दर्शन सप्लायर्सले आरोपित कसूरवाट सफाई हुने ठहर गरि फैसला भएको छ।<br><br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>क.खरिद कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि सार्वजिनक निकायले प्रचलित कानूनको प्रतिकूल नहुने गरी आवश्यक शर्त राखी वोलपत्र सम्बन्धी Document तयार गर्ने तथा बोलपत्र सूचना प्रकाशित गर्ने र सोलाई समेत आधार मानी बोलपत्र मूल्याङ्कन गर्ने कुरालाई अस्वाभाविक मान्न मिल्ने अवस्था देखिँएन। | क. जिल्ला डोल्पा, मुड्केचुला गाउँपालिकाका **अध्यक्ष दत्त बहादुर शाही, प्रमुख प्रशासकीय अधिकृत तिर्थराज महतारा र वडा नं. ७ स्थित अन्नपुर्ण माध्यमिक विद्यालयका प्रधानाध्यापक नरदेव रोकाया** समेतले अन्नपूर्ण माध्यमिक विद्यालयको Retaining Wall Construction को ठेक्का गाउँपालिकाका अध्यक्षको श्रीमती एवं सोही विद्यालयका शिक्षिका उषा कुमारी सिंहको नाममा रहेको दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई बोलपत्र पारी सार्वजनिक खरिद ऐन, नियमावली विपरीत कार्य गरेको भन्ने समेत व्यहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा श्री अन्नपूर्ण माध्यमिक विद्यालय मुड्केचुला, डोल्पाबाट प्राप्त पत्र, अनुसन्धानका क्रममा गरिएको नापजाँच र प्राविधिक फिल्ड प्रतिवेदन, संलग्न मुचुल्का, शंकितहरुको बयान, नेपाल प्रहरी केन्द्रीय विधिविज्ञान प्रयोगशालाको परीक्षण रिपोर्ट तथा राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन समेतका प्रमाण कागजातहरुको आधारमा जिल्ला डोल्पा मुड्केचुला गाउँपालिका वडा नं. ७, सर्मी स्थित अन्नपूर्ण माध्यमिक विद्यालयमा विद्यालयको मेशिनरी र आर.सि.सि. वाल निर्माण (Retaining Wall Construction) को लागी रु ९९,९९,२७८.२७।— को लागत अनुमान स्विकृत भएको देखिन्छ। उक्त योजनाको लागी मिति २०७९।१०।१९ मा आह्वान भएको बोलपत्र बोलपत्र नं ASS/NCB/W079-80/01 को BIDDING DOCUMENT मा SECTION-II, Bid Data Sheet को ITB 11.1 (i) मा The Bidder shall submit with its bid the following additional documents भनी देहायका कागजातहरु आबश्यक रहने ब्यहोरा उल्लेख गरेको देखिन्छ।<br>a. Valid Registration certificates<br>b. Local agent certificates<br>c. PAN/VAT registration certificates<br>d. Power of attorney<br>e. Bossiness Registration certificates<br>f. Tax clearance certificates/Tax return submission evidence/evidence of time<br>g. Site visit certificate from employer.<br>तर उक्त योजनाको लागी नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा Notice No. ASS/NCB/W/079-080/01 मार्फत Description and Location of Work मा Annapurna Secondary School Retaining Construction Work, Estimated Amount (NRs) मा रु.८४,७३,९६४.४८।- भ्याट बाहेक र PS लगाएत विभिन्न १० वटा शर्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | **CR-०१३५ ) फैसला मिति: २०८२।११।२७)** | | माथि उल्लिखित प्रतिवादीहरु जना ३(तीन) बाट असूल उपर हुन मागदावी लिएको।<br>**ख.** प्रतिवादीहरू जनक बुढा र नरदेव रोकायालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.२९,६०,६९२।५५ (उनन्तीस लाख साठी हजार छ सय बयानब्बे रुपैयाँ र पचपन्न पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय हुन साथै सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी पुऱ्याएको बिगो समेत असूल उपर हुन र निज प्रतिवादीहरु द्वयलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा | ख.दर्शन एण्ड दिगदर्शन सप्लायर्सलाई ठेक्का दिने उद्देश्यले Site Visit को प्रावधान पछि थप गरिएको भन्ने अवस्था समेत नदेखिएको।<br>ग. Site Visit Certificate पेश गरेको दर्शन एण्ड दिगदर्शन सप्लायर्सको बोलपत्र स्वीकृत गरी ठेक्का संझौता गरेको कार्यलाई अन्यथा मान्न मिल्ने देखिँदैन।<br>घ.बोलपत्र Documents बमोजिमको शर्त नै पूरा नभएका बोलपत्रदाताले शर्त पुरा गरेका बोलपत्रदाताले कबोल गरेको अंक बिचको फरक रकमलाई विद्यालयको हिनामिना भएको रकमको संज्ञा दिई उक्त रकमलाई बिगो कायम गरी प्रतिवादीहरुलाई भ्रष्टाचारजन्य अपराधिक दायित्व बहन गराउन मिल्ने देखिँदैन।<br>ङ.प्रतिवादी उषाकुमारी सिंहले व्यावसाय गर्ने अनुमति समेत लिई निर्माण कार्यको ठेक्का लिएको कार्यलाई अनाधिकार रुपमा वा स्वार्थ बाझिने गरी वा पदीय हैसियतको दुरुपयोग गरी ठेक्का लिएको मान्न | तथा आवश्यक कागजात र प्रक्रियाहरु सहित बोलपत्र आब्हानको सूचना प्रकाशित गरेको, तर site visit certificate from employer को सम्वन्धमा केही उल्लेख नगरेको देखिन्छ। उक्त योजनाको लागी एशियन बिल्डर्स समेत ८ वटा employer हरुको बोलपत्र पेश भएकोमा मिति २०७९/१२/१२ गते उक्त विद्यालयका प्रधानाध्यापक प्रतिवादी नरदेव रोकायाको संयोजकत्वमा बोलपत्र मूल्याङ्कन समितिका पदाधिकारीहरु निज नरदेव रोकाया, हृदय नारायण साह, जय बहादुर ठकुल्ला, जनक बुढा, देबराज रावत र बम बहादुर बुढा समिलित बैठकले उपरोक्त फर्महरुमध्ये बोलपत्र दाता दर्शन एण्ड दिग्दर्शन सप्लायर्सले कबोल अंक रु. ८९,८५,४५४.९।- भ्याट सहित पेश गरेको बोलपत्रलाई सारभुत रुपमा प्रभावकारी रहेको ठहर गर्दै सम्झौताको लागि सिफारिस गर्ने भनी निर्णय गरेको देखिन्छ। साथै उक्त विद्यालयका प्रधानाध्यापक नरदेव रोकायाको संयोजकत्वमा बोलपत्र मूल्याङ्कन समितिले मिति २०७९/१२/१२ मा मात्र मूल्याङ्कन गरेको देखिन्छ। आठ वटा कम्पनिहरु मध्ये सबै भन्दा कम रकम कबोल पेश गर्ने क्रमशः पहिलो महातारा निर्माण सेवा, दोस्रो दि आइ कोर कन्ट्रक्सन, तेस्रो मष्टा भवानी निर्माण सेवा, चौथो दर्शन एण्ड दिगदर्शन सप्लायर्स, पाँचौ एशियन विल्डर्स, छैठौ सृटी निर्माण सेवा, सातौ जगदुल्ला कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. र आठौ स्थानमा सिरिजन कन्ट्रक्सन रहेकोमा उक्त चौथो स्थानमा रहेको दर्शन एण्ड दिगदर्शन सप्लायर्स, कम्पनीको मात्र Site visit भएकोले बोल कबोल अंक भ्याट सहित रु. ८९,८५,४५४.९।- बमोजिम ठेक्का दिन विभिन्न ९ शर्तहरु सहित अन्नपूर्ण मा.वि. मुड्केचुला डोल्पाको तर्फबाट प्रधानाध्यापक नरदेव रोकाया र ठेकेदारको तर्फबाट दर्शन एण्ड दिग्दर्शन सप्लायर्सका प्रोप्राइटर उषा कुमारी सिंह बिच मिति २०७९/१२/२७ गते सम्झौता गरेको देखिन्छ। अन्नपुर्ण मा.वि. ले मिति २०८०/०३/०५ गते उतार गरेको नापी किताब अनुसार ठेकेदार कम्पनी श्री दर्शन एण्ड दिग्दर्शन निर्माण सेवाले कुल जम्मा मूल्य अभिवृद्धि कर (vat) सहित रु. ८९,७६,८१८.८२।- बराबरको काम सम्पन्न भएको भनी नापी किताबमा प्राविधिक सहितले उतार गरे अनुसार योजना निरीक्षण तथा अनुगमन संयोजक जनक बुढा, ऐ.ऐ. वडाका वडा अध्यक्ष दत्त बहादुर बुढा, ईन्जिनियर देवराज रावत समेतले मिति २०८०/०३/०८ गते निरीक्षण तथा अनुगमन गरी काम समाप्त भएको भनी प्रतिवेदन पेस गरेको सोही अनुसार ऐ.ऐ. वडाका वडा अध्यक्ष दत्त बहादुर बुढाले मिति २०८०/०३/११ गते अन्नपुर्ण माध्यमिक विद्यालयलाई रकम भुक्तानीका लागि सिफारिस गरेको देखिन्छ। यसै गरी अन्नपुर्ण माध्यमिक विद्यालयका प्रधानाध्यापक नरदेव रोकायाले मिति २०८०/०३/११ गते मुड्केचुला गाउँपालिकालाई सम्झौता अनुसारको निर्माण योजना सम्पन्न भएकोले रकम भुक्तानी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ११ वमोजिम सजाय हुन समेत मागदावी लिईएको।<br>**ग.** प्रतिवादीहरू दत्त बहादुर बुढा, दुर्गा देवी लामा, अशोक रोकाया, कबिता बुढा (ठकुल्ला), रूपा रोकाया, पृथि ठकुल्ला, धन बहादुर कामी र नारायणी ठकुल्लालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो रु.२९,६०,६९२।५५ (उनन्तीस लाख साठी हजार छ सय बयानब्बे रुपैयाँ र पचपन्न पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय हुन साथै सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम | मिल्ने अवस्था देखिएन।<br>च.अन्य बोलपत्रदाताले आफूले ठेक्का पाउनु पर्ने भनी उजुर बाजुर गरेको अवस्था पनि नदेखिएको समेतको अवस्था हुँदा प्रतिवादीहरूले नेपाल सरकार तथा विद्यालयलाई हानीनोक्सानी पुऱ्याउने तथा दर्शन एण्ड दिग्दर्शन सप्लार्यसलाई ठेक्का दिने बदनियतले काम गरेको भन्ने पुष्टि हुन सकेको देखिएन। | गरिदिन सिफारिस गरेको र सोही मितिमा अन्नपुर्ण माध्यमिक विद्यालयका ले नै आ.व. २०७९/०८० मा अन्नपुर्ण माध्यमिक विद्यालयको पर्खाल निर्माण गर्नका लागि मिति २०७९/१०/१९ मा  बोलपत्र आव्हान भए अनुसार श्री दर्शन एण्ड दिग्दर्शन सप्लायर्सले भ्याट बाहेक रु. ७९,४४,०८७.४५।- को  बिल अनुसारको रकमको ५% धरौटी बापतको जम्मा रु. ३,९७,२०४.३७।-, अग्रिम आयकर १.५% बापतको जम्मा रु. १,१९,१६१.३१।- गरी  कुल भ्याट रकम रु. १०,३२,७३१.३६ को ७०% रकम रु. ७,२२,९११.३६।- र ३०% बापतको रकम रु. ३,०९,८१९.४१।- गरी जम्मा कर रु. ८,२६,१८५.०९।- कटाई बाँकि रु. ८१,५०,६३३.७३।- श्री दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई भुक्तानी गर्नु पर्नेमा बजेट निकासा कम भएकाले हाल रकम रु. ७८,४०,८१३.७२।- भुक्तानी गर्न र बाँकि रकम रु. ३,०९,८२०.०१।- निकासा भए पश्चात भुक्तानी गर्न सिफारिस भएको  टिप्पणी र आदेश अनुसार मिति २०८०/०३/१२ गते गोश्वारा भौचर नं. ५६ बाट रु. ७८,४०,८१३.७२।- रकम दर्शन एण्ड दिग्दर्शन सप्लायर्सलाई भुक्तानी भएको । बाँकी रकम रु. ७,३८,८००।- मिति २०८०/०४/१८ गते गोश्वारा भौचर नं. ७ बाट भुक्तानी भई धरौटी र भ्याट रकम सहित कुल जम्मा रु. ८९,७६,८१८.०९।–(उनान्नब्बे लाख छयहत्तर हजार आठ सय अठार रुपैयाँ र नौ पैसा ) भुक्तानी भएको देखिदा प्रतिवादी नरदेव रोकाया समेतले उक्त विद्यालयको Retaining Wall Construction निर्माणको लागि बोलपत्र तयार गर्दा तथा मूल्याङ्कन गर्दा प्रतिस्पर्धालाई सीमित गर्नको लागि प्रतिवादी उषा कुमारी सिंहसँग विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेतले मिलोमतो गरी विद्यालय व्यवस्थापन समितिबाट स्थलगत प्रतिवेदनलाई अनिवार्य शर्त मान्ने निर्णय रजिष्टरमा आफूखुसी थपघट गरी निर्णय सच्याई केरमेट गरी विद्यालय व्यवस्थापन समितिको निर्णय तयार गरी उक्त निर्माण कार्यको लागि रु.४९,८३,३९४।९० (अक्षरेपि उनन्चास लाख त्रियासी हजार तीसय चौरनब्बे रूपैया नब्बे पैसा) कबोल अंक गरेको महतारा निर्माण सेवालाई स्थलगत निरीक्षण नगरेको भनी अस्वीकृत गरी चौथो नं. को कम कबोल अंक भ्याट बाहेक रु.७९,५१,७२९।८५ (अक्षरेपि उनासी लाख एकाउन्न हजार सातसय उनन्तीस रुपैया पचासी पैसा) कबोल गरेको दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई आफूखुशी छनौट गरी रू.२९,६८,३३४।९५ (अक्षरेपि उनन्तीस लाख अठसठ्ठी हजार तीन सय चौतीस रुपैया पन्चानब्बे पैसा) को बढी कबोल गर्ने बोलपत्र दाताको बोलपत्रलाई बदनियत पुर्वक स्वीकृति गरि संझौता गरेको देखिन्छ। यि प्रतिवादीहरुले सो योजना सम्पन्न भएको भनि दर्शन एण्ड दिग्दर्शन सप्लायर्सलाई रु.७९,४४,०८७।४५ (अक्षरेपि उनासी लाख चवालीस हजार सतासी रुपैया पैतालीस पैसा) भुक्तानी दिएको देखिदा सो आधारमा कायम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हानिनोक्सानी पुर्‍याएको बिगो माथि उल्लिखित प्रतिवादीहरुबाट असूल उपर हुन र प्रतिवादीहरु दत्त बहादुर बुढा, दुर्गा देवी लामा, अशोक रोकाया, कबिता बुढा (ठकुल्ला), रूपा रोकाया, पृथि ठकुल्ला, धन बहादुर कामी र नारायणी ठकुल्लालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिम सजाय हुन समेतको मागदावी लिइएको।<br>**घ.** प्रतिवादीहरू दर्शन एण्ड दिग्दर्शन सप्लायर्स र सोको प्रोप्राईटर समेत रहेकी उषा कुमारी सिंहलाई बिगो रु.२९,६०,६९२।५५ (उनन्तीस लाख साठी हजार छ सय बयानब्बे रुपैयाँ पचपन्न पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा २२ को प्रतिबाधात्मक वाक्यांश बमोजिम मतियार तर्फ सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) | | भएको विगो रु.२९,६०,६९२।५५ (उनन्तीस लाख साठी हजार छ सय बयानब्बे रुपैयाँ र पचपन्न पैसा) बराबरको रकम नेपाल सरकार तथा अन्नपूर्ण माध्यमिक विद्यालयलाई हानिनोक्सानी भएको तथ्य देखिदा देखिदै सो तथ्य एवम मिसिल संलग्न प्रमाणहरुको विवेचना नगरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>ख. सार्वजनिक खरिदकानूनका सिद्दान्तमा Principal of free and fair Competition एउटा महत्त्वपूर्ण सिद्दान्त हो। सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनियता प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ ले बोलपत्र आह्वान गर्नुअघि बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने र स्थलगत निरीक्षण गर्नुपर्ने भए सोसम्बन्धी जानकारी त्यसमै उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ। यसको अर्थ बोलपत्र खोलेपछि वा प्रतिस्पर्धाको चरणमा प्रवेश गरिसकेपछि कुनै बोलपत्रदातालाई लाभ पुग्ने गरी योग्यता वा मूल्याङ्कनको आधार परिवर्तन गर्न मिल्ने होइन। प्रस्तुत मुद्दामा Site Visit सम्बन्धी शर्तको उत्पत्ति, त्यसको निर्णय रजिष्टरमा भएको थपघट, त्यसपछिको Bid Document मा समावेश गरेको र त्यसैलाई आधार बनाई अन्य बोलपत्रदातालाई अयोग्य बनाइएको देखिन्छ। अन्नपुर्ण माध्यामिक विद्यालयको वैठकले गरेको निर्णयमा स्थलगत अनुगमनको आधारमा गरिनेछ भन्ने विवादित हस्ताक्षरहरू अन्य हस्ताक्षरभन्दा फरक मसीबाट भएको, अन्य हस्ताक्षर लेखिसकेपछि मात्र थपिएको अवस्था देखिएको भन्ने समेतको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिएको हुँदा निज प्रतिवादीहरु जनक बुढा र नरदेव रोकाया, दत्त बहादुर बुढा, दुर्गा देवी लामा, अशोक रोकाया, कबिता बुढा (ठकुल्ला), रूपा रोकाया, पृथि ठकुल्ला, धन बहादुर कामी र नारायणी ठकुल्लाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ वमोजिमको कसूर गरेको उक्त प्रतिवेदनले पुष्टि गरि राखेको अवस्थामा सो प्रतिवेदनलाई प्रमाणमा नलिई दर्शन एण्ड दिगदर्शन सप्लायर्सलाई ठेक्का दिने उद्देश्यले Site Visit को प्रावधान पछि थप गरिएको भन्ने अवस्था समेत नदेखिएको भन्ने आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकन र कानूनी रोहमा त्रुटिपूर्ण रहेको छ।<br>ग. विशेष अदालतले Site Visit को शर्तलाई "भौगोलिक विकटता" को कारणले राखिएको भनी स्वीकार गरेको छ। तर, Bid Document को ITB ७.२ मा Site Visit "advised to visit and examine" भनी सल्लाह (Advisory) का रूपमा राखिएको थियो, अनिवार्य शर्तका रूपमा होइन तर विद्यालय व्यवस्थापन समितिको निर्णयमा पछि गैरकानूनी रूपमा थप गरी यसलाई अनिवार्य शर्त बनाइएको थियो। खरिद प्रक्रियामा Site Visit एउटा Condition |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिमको बिगो रु.२९,६०,६९२।५५ (उनन्तीस लाख साठी हजार छ सय बयानब्बे रुपैयाँ पचपन्न पैसा) कायम गरि बिगो बमोजिम जरिवाना गरी हानिनोक्सानी पुऱ्याएको उल्लिखित बिगो सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन र निज प्रतिवादी उषा कुमारी सिंहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ बमोजिमको सजाय हुन मागदावी लिइएको। | | हुनसक्छ। तर प्रस्तुत मुद्दामा डोल्पा जिल्लाको मुड्केचुला गा.पा. स्थित अन्नपूर्ण माध्यामिक विद्यालयको Retaining Wall Construction कार्यक्रममा Site Visit लाई वोलपत्र मूल्यांकनको मुख्य मापदण्ड तय गरी जिल्ला बाहिरको अन्य प्रतिस्पर्धी वोलपत्रदाताहरुले सहाभागी हुन नपाउने गरी प्रतिस्पर्धा संकुचन गरी केवल सिमित वोलपत्रदातालाई अनुकुल हुने गरी मापदण्ड तय गर्ने कार्य गरेको छ। Site Visit शर्तलाई अनिवार्य मापदण्ड बनाउँदा सार्वजनिक खरिद ऐन, २०६३ को प्रावधानको गम्भीर उल्लंघन भएको तथ्यलाई विशेष अदालतले बेवास्ता गरेको छ। सार्वजानिक खरिद नियमावलीको नियम २६ उपनियम (४) मा ऐ. नियमावलीको नियम २६ को उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई करोड रुपैयाँ सम्मको लागत अनुमान भएको विद्युत गृह, टर्वाइन, पुल, रेलमार्ग, रज्जुमार्ग, केवलकार मार्ग, बहुतले भवन वा सडकमार्ग जस्ता जटिल वा विशेष प्रकृतिका संरचना लगायत सम्बन्धित सार्वजनिक निकायबाट तोकिएको अन्य संरचनाको निर्माण कार्यको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (५) बमोजिम योग्यता निर्धारण गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। उक्त कानूनी प्रवधान विपरीत खरिद कार्यलाई सिमित गर्न उद्देश्यले विद्यालय व्यवस्थापन समितिको निर्णयमा समेत केरमेट गरी थप गरी Site Visit को शर्तलाई अनिवार्य मानी Site Visit Certificate पेश नगरेको कारण देखाई सबैभन्दा न्यून अङ्क बोल कबोल गर्ने कम्पनी/फर्म महातारा निर्माण सेवालाई प्रतिस्पर्धावाट हटाई चौथो अंक बोल कबोल गर्ने दर्शन एण्ड दिग्दर्शन सप्लायर्सलाई प्रभावग्राही ठहर गरि भएको मुल्यांकन समितिको निर्णय नै बदनियतपुर्ण रहेको तथ्य स्थापित भएको अवस्था देखिदा देखिदै सो प्रमाणको मुल्यांकन नगरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>घ. सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले बोलपत्र आह्वान गर्नु अघि बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने व्यवस्था गरेको ऐजन ऐनको दफा (२) को उपदफा (१) मा बोलपत्र सम्बन्धी कागजातमा देहायका कुराहरू उल्लेख गर्नुपर्नेछ भनी ऐजन ऐनको दफा (२) (त) मा स्वार्थ बाझिने (कन्फिलक्ट अफ ईन्ट्रेस्ट) भएमा बोलपत्र उपर कारवाही नहुने वा जालसाजी वा भ्रष्टाचार गरेमा हुने कानूनी कारवाही सम्बन्धी जानकारी सोही ऐनको दफा २४ मा उल्लेख गर्दै ठेक्का प्रक्रियामा बोलपत्रदाताहरु बिच आपसमा मिलोमतो गरी दाखिला भएका बोलपत्र उपर कारवाही नहुने र सोही ऐनको दफा २६ को उपदफा (६) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्रहरू रद्द हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ। सबैभन्दा महत्वपूर्ण तथ्य Site Visit प्रमाणपत्र पेश गर्ने एकमात्र फर्म नै विद्यालयकी शिक्षिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिबादी मध्येकी उषा कुमारी सिंहको फर्म रहेको तथ्य विवादरहित छ र विशेष अदालतले पनि यस तथ्यलाई स्पष्ट रूपमा स्वीकार गरेको छ। यस्तो अवस्थामा सम्बन्धित विद्यालयबाट निस्किएको ठेक्कामा सोही विद्यालयकी शिक्षिकाको फर्म सहभागी हुनु, सो फर्मले Site Visit Certificate प्राप्त गर्नु, अन्य बोलपत्रदाताले सो प्रमाणपत्र पेश गर्न नसक्नु, अन्य बोलपत्रदातालाई अयोग्य बनाइनु र अन्ततः सोही फर्मलाई ठेक्का प्रदान हुनु यी सबै घटनालाई केवल छुट्टाछुट्टै वैध कार्यका रूपमा हेर्न मिल्दैन। यसबाट हितको द्वन्द्व, पूर्वअनुकूलता, प्रक्रियाको दुरुपयोग तथा मिलेमतोको परिस्थितिजन्य प्रमाण उत्पन्न भएको तर्फ विवेचना नै नगरी प्रतिवादी उषाकुमारी सिंहले अनाधिकार रुपमा वा स्वार्थ बाझिने गरी वा पदीय हैसियतको दुरुपयोग गरी ठेक्का लिएको मान्न नमिल्ने भनि प्रतिवादी उषाकुमारी सिंहलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br>ङ. प्रतिवादी उषाकुमारी सिंहले आफूले विद्यालयकै शिक्षिका हुँदाहुँदै आफ्नै फर्मबाट उक्त ठेक्कामा बोलपत्र पेश गरेको स्वीकार गरेकी देखिन्छ। उनले उक्त फर्म आफ्नै भएको र विद्यालयबाट व्यवसाय सञ्चालनको अनुमति लिएको भनी बयान गरेको देखिन्छ। साथै निर्माण कार्यका मापदण्ड निर्धारणलगायत कार्य इन्जिनियर देवराज रावतलाई जिम्मा दिएको बयानसमेत गरेको देखिन्छ। यसरी अभियोजनले प्रस्तुत गरेको मूल घटनाक्रमको महत्वपूर्ण अंश स्वयं प्रतिवादीको बयानबाट समर्थित भएको अवस्थामा त्यसलाई केवल "कानूनी अनुमति भएको" भन्ने आधारमा निष्प्रभावी गर्नु उचित नहुने। शिक्षा नियमावली, २०५९ को नियम १३३(१)(ज) ले शिक्षकलाई आफ्नो पठनपाठनमा असर नपर्ने गरी व्यवसाय गर्न अनुमति दिएको हो, तर आफू कार्यरत रहेको विद्यालयको ठेक्का लिन अनुमति दिएको होइन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(३) ले स्वार्थ बाझिने अवस्थामा खरिद प्रक्रियामा संलग्न हुन नपाउने व्यवस्था गरेको छ। उषाकुमारी सिंह सोही विद्यालयकी शिक्षिका भएकोले उहाँको स्वार्थ सोही विद्यालयको ठेक्का प्रक्रियासँग प्रत्यक्ष रूपमा स्वार्थ बाझिएको छ। उक्त कुरा विशेष अदालतको फैसलाको प्रकरण नं.४७ समेतमा स्वीकार गरेको देखिँदा सोही आधारमा समेत प्रतिवादी उषाकुमारी सिंहलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्णदेखिदा बदर भागी छ।<br>च. स्वार्थ वाझिने भएको बोलपत्रलाई रित नपुगेको बोलपत्र मानि बोलपत्र रद्ध गर्नु पर्नेमा नगरेको जटिल वा विशेप प्रकृतिका संरचना पनि नभएको सामान्य खेल मैदानको टेवा पर्खाल निर्माण कार्यमा BID Document को ITB ७.२ मा प्रष्ट रुपमा सल्लाहका रुपमा उल्लेख भएको व्यवस्थालाई अनिवार्य मूल्यांकनको आधार बनाई दोहोरो मापदण्ड बनाई अन्य सबै बोलपत्रलाई अयोग्य कायम गरी मूल्यांकन गरी प्रतिस्पर्धालाई सिमित गरेको देखिन्छ भन्ने समेत व्यहोराको राय सार्वजनिक खरिद परामर्श कार्यटोलीले राय दिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | देखिन्छ उक्त रायलाई प्रमाण ऐन, २०३१ को दफा २३ बमोजिम प्रमाणमा लिनु पर्नेमा नलिई प्रतिबादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ।<br>छ. प्रस्तुत मुद्दामा विद्यालय व्यवस्थापन समितिको निर्णयमा "स्थलगत अनुगमनको आधारमा मूल्याङ्कन गरिनेछ" भन्ने व्यहोरा थपिएको तथ्यलाई राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनले पुष्टि गरेको भए तापनि सो तथ्यलाई गम्भीरतापूर्वक नलिई उक्त फैसला गरेको देखिन्छ। राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनले स्पष्ट रूपमा देखाएको छः वि- १ को लेखाईसँग न- १ को लेखाइको भिन्नता पाइन्छ, वि-१ को हस्ताक्षरहरू न-१ को हस्ताक्षरहरूका तुलनामा भिन्न मसीबाट लेखिएका छन। त्यसै गरी वि-१ को हस्ताक्षरहरू न-१ को अन्य हस्ताक्षरहरू लेखिसकेपछि पछि मात्र लेखिएको अवस्था रहेको र वि-१ को हस्ताक्षर सँगै तल्लो एक हरफमा साविकमा "पुनश्च गत वर्षकै कन्सल्ट्यान्ट (आर्टफूल इन्जिनियरिङ्ग) लाई काम गर्न निरन्तरता दिइने छ" भन्ने हरफ कागज टाँसी छोपिएको अवस्था छ भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन रहेको छ। उक्त प्रतिवेदन अत्यन्त महत्वपूर्ण प्रमाण हो। राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षणमा विवादित हस्ताक्षरहरू अन्य हस्ताक्षरभन्दा फरक मसीबाट भएको, अन्य हस्ताक्षर लेखिसकेपछि मात्र थपिएको अवस्था देखिएको तथा विवादित लेखाइको तल साविकमा रहेको लेखाइ छोपिएको अवस्था पाइएको उल्लेख छ। यी तथ्यहरूले निर्णयमा पछि थपघट गरी केरमेट गरिएको स्पष्ट पुष्टि गरेको अवस्थामा उक्त प्रतिवेदनलाई प्रमाण ऐन, २०३१ को दफा २३ बमोजिम प्रमाणमा लिनु पर्नेमा सो परिक्षण प्रतिवेदनलाई प्रमाणमा नलिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण छ। यसै सन्दर्भमा सर्वोच्च अदालतबाट ने.का.प. २०७० नि.नं ९००१ मा “लिखत परीक्षण वैज्ञानिक कार्य हो। विज्ञानले विकसित गरेका नयाँ नयाँ प्रविधि र तिनबाट निस्कने निष्कर्षले न्याय सम्पादनलाई सघाउ पुऱ्याइरहेका हुन्छन्। त्यस्ता निष्कर्षलाई अकारण अदालतले इन्कार गर्न नसक्ने। साथै विशेष अध्ययन, तालिम र अनुभवद्वारा लिखत परीक्षणमा दक्षता हासिल गरेका विशेषज्ञ न वादीका साक्षी हुन् न प्रतिवादीका साक्षी हुन्। यी स्वतन्त्र विषय विज्ञहरूको राय न्याय सम्पादनकै सहजताको लागि हो। विशेषज्ञको राय अन्य प्रमाणबाट समर्थित नभएमा वा विशेषज्ञको दक्षतामा प्रश्न उठी सो सत्य भएमा वा विशेषज्ञको निष्पक्षतामा सन्देह उत्पन्न भई सो स्थापित भएमा र तिनलाई विश्वास नगर्ने मनासिब आधार भएमा बाहेक विशेषज्ञको रायलाई सीधै अस्वीकार गर्न नसकिने।” भन्ने प्रतिपादित सिद्धन्त समेतको आधारमा उक्त फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। बदर गरी पाउँ।<br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट, प्रतिवादीहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नरदेव रोकाया, हृदयनारायण साह, जनक बुढा, जयबहादुर ठकुल्ला, उषाकुमारी सिंह, देवराज रावत, नारायणी ठकुल्ला, रुपा रोकाया, अशोक रोकाया, पृथि ठकुल्ला, दत्तबहादुर बुढा, कविता बुढा (ठकुल्ला), दुर्गादेवी लामा, धनबहादुर कामी र दर्शन एण्ड दिग्दर्शन सप्लायर्सलाई आरोप मागदावीबाट सफाई दिने गरी विशेष अदालत, काठमाण्डौबाट भएको फैसला त्रुटिपुर्ण देखिदा उक्त फैसला वदर गरी प्रतिबादीहरुलाई आरोप दावी बमोजिम सजाय गरि पाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |